Sangurigadhi Rural Municipality
साँगुरीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३ (2073)

# कार्यविवरण

पद: सब इन्जिनियर

तह: सहायकस्तर पाँचौ तह

कार्यालय : साँगुरीगढी गाउँ कार्यपालिकाको कार्यालय

स्वीकृत गर्ने : सुवास श्रेष्ठ

शाखा: पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन

निकटतम सुपरीवेक्षक : ई दिपक राई

१. सहभागितामूलक योजना तर्जुमाका लागि आवश्यक सहयोग गर्ने ।

२. गाउँपालिकाद्धारा सन्चालित सार्वजनिक कार्यको ड्रइङ डिजाइन र इष्टिमेट तयार गरी शाखा प्रमुख समक्ष पेश गर्ने ।

३. निर्माण कार्यको स्थलगत निरिक्षण तथा अनुगमन गरी ईन्जिनियर समक्ष प्रतिवेदन पेश गर्ने ।

४. गाउँपालिका क्षेत्रको पुर्वाधार निर्माणका कामको बार्षिक योजना तयार गर्न सहयोग गर्ने ।

५. निर्माण कार्यको बार्षिक खरिद योजना तयार गरी ईन्जिनियर समक्ष पेश गर्ने ।

६. उपभोक्ता समिति वा निर्माण व्यवसायीसंग गरिने सम्झौता तयार गरी पेश गर्ने ।

७. उपभोक्ता समिति गठन सम्बन्धी कार्यका लागि आवश्यक सहयोग उपलब्ध गराउने ।

८. उपभोक्ता समितिलाई तालिमको व्यवस्था मिलाउने,

९. उपभोक्तासंग छलफल गरी संझौता गर्न सहयोग गर्ने ।

१०. निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परिक्षण लगायतका काम गर्ने ।

११. निर्माण कामको मूल्याङकन गरी शाखा प्रमुख समक्ष पेश गर्ने ।

१२. निर्माण कार्यको सार्वजनिक परिक्षण गराउन सहयोग गर्ने ।

१३. आवश्यकता अनुसार माथिल्लो निकायमा पठाउनु पर्ने विभिन्न प्रतिवेदनहरु तयार गरि पेश गर्ने ।

१४. नेपाल सरकार र गाउँपालिकाबाट स्वीकृत भएको मापदण्डको आधारमा भवन तथा नक्सा पास सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने गराउने ।

१५. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घर तथा भवनको अनुगमन नक्शा चेक, फिल्ड निरिक्षण गरि शाखा प्रमुख समक्ष पेश गर्ने ।

१६. पेश भएका घर तथा भवनहरु स्वीकृत मापदण्ड भित्र छ छैन हेरी शाखा प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने ।

१७. सुरक्षित र व्यवस्थित आवासका लागि आवधिक र दीर्घकालिन योजना तयार गर्न सहयोग गर्ने ।

१८. नक्सा बनाउने परामर्शदाता (Consultancy) हरुको सूचिदर्ता गरि फायल अद्यावधिक बनाउने ।

१९. भूकम्प प्रतिरोधी घर निर्माणको लागि डकर्मीहरुको तालिमको व्यवस्थापन मिलाउन सहयोग गर्ने र तालिम प्राप्त डकर्मीहरुको अभिलेख राखि सूचिकृत गराउने ।

२०. प्रमुख प्रशासकिय अधिकृत र शाखा प्रमुखले जिम्मेवारी प्रदान गरेका अन्य कार्यहरु गर्ने ।

२०७५/०२/२८

प्रमुख प्रशासकीय अधिकृत